# गौरीगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

फोन नं. ०९१-४१८०६०
E-mail: info.gaurigangamun@gmail.co
Website: www.gaurigangamun.gov.np/


प.सं. २०७९।०८०
च.नं.

**विभिन्न तालहरुमा माछा पालन तथा बिक्री वितरण कार्यका लागि सिलवन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

पहिलो पटक प्रकाशित मिति २०८०/०३/१५

रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ४ अनुसार यस नगरपालिका क्षेत्रभित्रका तपसिलका तालहरु **माछापालन तथा बिक्री वितरण कार्यका** लागि बोलपत्र आव्हान गरी ५ वर्ष (२०८० साल साउनदेखि २०८५ असार मसान्त सम्म) का लागि ठेक्का लगाउनुपर्ने भएकोले रकम र सरकारी बन्दोबस्त ऐन २०२० को दफा ५ अनुसार बोलपत्र आव्हान सम्बन्धी यो सूचना प्रकाशितगरिएको छ । उक्त तालमा माछा पालन तथा बिक्री वितरण कार्यका लागि ठेक्का लिन ईच्छुक नेपाल सरकारबाट उक्त कार्यका लागि ईजाजत प्राप्त व्यक्ति वा कम्पनीबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी बेलपत्र पेश गर्न प्रथम पटकका लागि यो १५ (प्रान्ध) दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | तालहरुको नाम | ताल रहेको ठेगाना | न्यूनतम ठेक्का अङ्क रु.मा (भ्याट बहेको) (प्रति बर्ष) | धरौटी रकम (रु.) | टेण्डर फाराम दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| GGM/R06/2079/080 | त्रिवेणी ताल | वडा नं.४ | १०८,९००/- | कबोल अंकको ५% | १०००/- |
| GGM/R07/2079/080 | रारा ताल | वडा नं.४ | ६५,३४०/- | | |
| GGM/R8/2079/080 | गौडी ताल | वडा नं.४ | १६,४५६/- | | |
| GGM/R9/2079/080 | ठिमि ताल | वडा नं.४ | ८,५९१/- | | |
| GGM/R10/2079/080 | काठमाण्डौ ताल | वडा नं.१० | १,६५,०००/- | | |

१. सिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन २०८०/०३/२९ सम्म कार्यालय समय भित्र गौरीगंगा नगरपालिकाको कार्यालय चौमालाबाट फर्म दर्ता (नविकरण सहित ) मु.अ. कर स्थायी लेखा नं. (प्यान) दर्ता र आ.व २०७८ / ०७९ सम्मको कर चुक्ता भएको प्रमाणपत्र र नेपाली नागारिकता प्रमाणपत्रको नोटरी पब्लिकवाट प्रमाणित प्रतिलिपि संलग्न राखी राजश्व वाफत नगद रु.१०००।-( दस्तुर फिर्ता नहुने) बुझाई गौरीगंगा नगरपालिकाको कार्यालयको राजस्वशाखावाट बोलपत्र खरिद गर्न सकिने छ ।

२. खरिद गरेको बोलपत्र १६औं दिन (२०७९/०४/३१ गते) को दिन १२ बजेभित्र नगरकार्यपालिकाको कार्यालय चौमालामा दर्ता गर्नुपर्नेछ । र सोही दिन दिनको २ बजेबाट बोलपत्र खोलिने छ ।

३. ठेक्का लिने ईच्छुक व्यक्तीले आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी राख्नुपर्ने छ । धरौटी बापतको रकम यस गौरीगंगा नगरपालिकाको कार्यलयको नाममा NIC ASIA बैंक चौमाला शाखामा रहेको धरौटी खाता नं. 71CA500982524004 मा नगदै जम्मा वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको ७५ दिन म्याद भएको बिडबण्डको सक्कल प्रति शिलबन्दी बोलपत्र साथ संलग्न गर्नुपर्ने छ

४. सूचनामा उल्लेख हुन नसकेका अन्य कुराहरुको हकमा प्रचलित नियम कानुन अनुसार हुनेछ ।

५. यस सूचनाका विषयमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र गौरीगंगा नगरकार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत